श्री ५ को सरकार

## कानून तथा न्याय मन्त्रालय

श्री ५ महाराजाधिराज वीरेन्द्र वीर बिक्रम शाहदेवबाट राष्ट्रिय पञ्चायतको सल्लाह र सम्मतिले बनाइबक्सेको तल लेखिएबमोजिमको ऐन सर्वसाधारणको जानकारीको लागि प्रकाशित गरिएको छ :–

२०३० सालको ऐन नं. २४

स्वस्तिश्री गिरिराजचक्रचूडामणि नरनारायणेत्यादि विविध बिरुदावली बिराजमान मानोन्नत महेन्द्रमाला परम नेपालप्रतापभास्कर ओजस्विराजन्य परम गौरवमय तेजस्वी त्रिभुवनप्रजातन्त्रश्रीपद परम उज्ज्वल कीर्तिमय नेपालश्रीपद परम प्रोज्ज्वल नेपालतारा परम पवित्र ॐरामपट्ट परम ज्योतिर्मय सुबिख्यात त्रिशक्तिपट्ट परम सुप्रसिद्ध प्रबल गोरखादक्षिणबाहु परमाधिपति अतिरथी परम सेनाधिपति श्री श्री श्री श्री श्रीमन्महाराजाधिराज वीरेन्द्र वीर विक्रम शाहदेव देवानाम् सदा समरबिजयिनाम् ।

### औद्योगिक व्यवसाय ऐनलाई संशोधन र एकीकरण गर्न बनेको ऐन

प्रस्तावना:– सर्वसाधारण जनताको सुबिधा र आर्थिक हित कायम राख्नको लागि औद्योगिक व्यवसायलाई समयानुकूल सुबिधा र प्रोत्साहन दिई औद्योगिक लगानीमा स्थानीय पूँजी, सीप र साधनको अधिकतम परिचालन गर्नको लागि औद्योगिक व्यवसायसम्बन्धी कानूनलाई संशोधन र एकीकरण गर्न वाञ्छनीय भएकोले,

श्री ५ महाराजाधिराज वीरेन्द्र वीर विक्रम शाहदेवबाट राष्ट्रिय पञ्चायतको सल्लाह र सम्मतिले यो ऐन बनाइबक्सेको छ ।

१. संक्षिप्त नाम, विस्तार र प्रारम्भः– (१) यस ऐनको नाम "औद्योगिक व्यवसाय ऐन, २०३०" रहेको छ ।

(२) यो ऐन नेपाल अधिराज्य भर लागू हुनेछ ।

(३) यो ऐन तुरुन्त प्रारम्भ हुनेछ ।

२. परिभाषा:– विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस ऐनमा–

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

(क) "उद्योग" भन्नाले देहायका कुन कार्य गर्नको लागि प्रचलित नेपाल कानून-बमोजिम वा अन्तर्गत स्थापित कुनै कम्पनी, संस्थान वा फर्म सम्झनु पर्छ ।

(१) कुनै कच्चा वा आंशिकरूपमा प्रशोधित पदार्थलाई शक्ति प्रयोग गरी वा नगरी, रासायनिक वा यान्त्रिक प्रक्रियाद्वारा वा रासायनिक वा यान्त्रिक प्रक्रिया बिना प्रशोधन गरी तयारी वा अर्ध तयारी वस्तुको रूपमा उत्पादन गर्ने,

जस्तैः–

(क) कृषि जन्यः– पशु, पन्छी, माछा, फलफूल, तरकारी, दूध, फुल, मह, कपास, रेशम, छाला, हाड, सीङ, खाद्यान्न बाली, नगदेबाली र त्यस्तै अरू कृषि जन्य पदार्थलाई प्रशोधन गरी तयारी वा अर्ध तयारी वस्तुको रूपमा उत्पादन गर्ने ।

(ख) वन जन्यः– रुख, बेत, बाँस, जडीबूटी, घाँस वा जंगली जनावर वा चराचुरुंगीको हाड, सीङ, नङ, छाला, दाँत, प्वाँख, रौं र यस्तै अरू वन जन्य पदार्थलाई प्रशोधन गरी तयारी वा अर्ध तयारी वस्तुको रूपमा उत्पादन गर्ने ।

(ग) खानी जन्यः– माटो, बालुवा, खरी, ढुङ्गा, विभिन्न प्रकारका पत्थर, विभिन्न प्रकारको धातु, स्लेट, ग्याँस, तेल र यस्तै अरू खानी जन्य पदार्थलाई प्रशोधन गरी तयारी वा अर्ध तयारी वस्तुको रूपमा उत्पादन गर्ने ।

(घ) जल र वायु स्रोतमा आधारितः– जल स्रोत वा वायुबाट विद्युत् शक्ति वा अक्सीजन आदि पैदा गर्ने ।

(ङ) खेर जाने पदार्थ (बाइ प्रोडक्ट) मा आधारितः– काठको धूलो (स डस्ट), छुवा, भूस, पीना (आयल केक) वा कागज, धागो वा कपडाका टुक्राहरू, धातुका टुक्राहरू (स्क्रेप मेटल), जूट कटिङ, पराल, छ्वाली र यस्तै खेर जाने पदार्थलाई प्रशोधन गरी तयारी वा अर्ध तयारी वस्तुको रूपमा उत्पादन गर्ने ।

(च) अन्य कुनै कच्चा वा अर्ध प्रशोधित पदार्थमा आधारितः– (क) देखि खण्ड (ङ) मा उल्लेख भएदेखि बाहेक अन्य कुनै कच्चा वा अर्ध प्रशोधित पदार्थलाई प्रशोधन गरी तयारी वा अर्ध तयारी वस्तु उत्पादन गर्ने ।

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

(२) पर्यटन विकासको लागि टेवा दिने वा सहायक हुने व्यवसायहरू,

जस्तैः–

(क) होटल व्यवसाय,

(ख) ट्रेकिङ व्यवसाय,

(ग) ट्राभल एजेन्सी ।

(३) उद्योगको विकासको निमित्त सहायक हुने व्यवसायहरू,

जस्तैः–

(क) परिवहन (ट्रान्सपोर्ट) व्यवसाय,

(ख) निर्माण व्यवसाय,

(ग) कोल्ड स्टोरेज,

(घ) मर्मत तथा संभार (वर्कशप) व्यवसाय,

(ङ) प्रकाशन तथा छापाखाना,

(च) औद्योगिक परामर्श सेवा व्यवसाय ।

(४) सम्पूर्ण पार्टपूर्जा आयात गरी वा आंशिक पार्टपूर्जा नेपाल अधिराज्यमै उत्पादन गरी ती पार्टपूर्जालाई जडान (एसेम्बल) गरी तयारी वस्तुको रूपमा उत्पादन गर्ने,

जस्तैः–

(क) घडी,

(ख) ट्रान्जिष्टर,

(ग) क्यामरा,

(घ) मोटर साइकल, साइकल, ट्रक, बस आदि ।

(५) चलचित्रको उत्पादन तथा सर्कस, थिएटर वा सांस्कृतिक नाचगान केन्द्रको स्थापना र सञ्चालन गर्ने ।

(ख) "ग्रामीण तथा घरेलु उद्योग" भन्नाले दुई लाख रूपैयाँसम्म स्थिर पूँजी लगानी भएको उद्योग सम्झनु पर्छ ।

(ग) "साना उद्योग" भन्नाले दुई लाख रूपैयाँभन्दा बढी दश लाख रूपैयाँसम्म स्थिर पूँजी लगानी भएको उद्योग सम्झनु पर्छ ।

(घ) "मझौला उद्योग" भन्नाले दश लाख रूपैयाँभन्दा बढी पचास लाख रूपैयाँसम्म स्थिर पूँजी लगानी भएको उद्योग सम्झनु पर्छ ।

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

(ङ) "ठूला उद्योग" भन्नाले पचास लाख रूपैयाँभन्दा बढी स्थिर पूँजी लगानी भएको उद्योग सम्झनु पर्छ ।

(च) "स्थिर पूँजी" भन्नाले कुनै उद्योगको परियोजना खर्च (प्रोजेक्ट कष्ट) मध्ये त्यस्तो उद्योगको निमित्त आवश्यक पर्ने भवन, जग्गा, मेशीनरी, ज्यावल, पार्टपूर्जा, फर्निचर, फिक्स्चर तथा उद्योग लगानी गर्नुभन्दा अघि हुने खर्च (प्रि-इन्भेष्टमेण्ट) र उद्योग चालू हुनुभन्दा अघि हुने खर्च (प्रि-अपरेशन) को रूपमा गरिने लगानी सम्झनु पर्छ ।

(छ) "उद्योग विभाग" भन्नाले श्री ५ को सरकारको उद्योग विभाग सम्झनु पर्छ ।

(ज) "इजाजत समिति" भन्नाले दफा ७ बमोजिम गठन भएको इजाजत समिति सम्झनु पर्छ ।

(झ) "तोकिएको वा तोकिएबमोजिम" भन्नाले यस ऐन अन्तर्गत बनेको नियममा तोकिएको वा तोकिएबमोजिम सम्झनु पर्छ ।

३. उद्योगको स्थापना गर्न अनुमति लिनु पर्ने:– दुई लाख रूपैयाँभन्दा बढी स्थिर पूँजी लगानी हुने उद्योग र श्री ५ को सरकारले नेपाल राजपत्रमा सूचना प्रकाशित गरी तोकेको ग्रामीण तथा घरेलु उद्योग स्थापना गर्न चाहने व्यक्तिले श्री ५ को सरकारको अनुमति लिनु पर्नेछ ।

तर, श्री ५ को सरकारले नेपाल राजपत्रमा सूचना प्रकाशित गरी तोकिदिएको ग्रामीण तथा घरेलु उद्योग बाहेक अन्य घरेलु तथा ग्रामीण उद्योगको स्थापना गर्न यस ऐन–बमोजिम श्री ५ को सरकारको अनुमति लिनु पर्ने छैन ।

४. उद्योगको स्थापनाको लागि अनुमति दिँदा प्राथमिकता:– (१) उद्योग स्थापना गर्न अनुमति दिँदा ठूला उद्योग बाहेक अरू उद्योगको हकमा देहायबमोजिम प्राथमिकताको आधारमा अनुमति दिइनछ:–

(क) ग्रामीण तथा घरेलु उद्योग वा साना उद्योगको स्थापना गर्न नेपाली नागरिक वा नेपाली नागरिकहरूको मात्र लगानी भएको स्थापित संगठित संस्था वा फर्मलाई अनुमति दिइनेछ ।

(ख) मझौला उद्योग स्थापना गर्न नेपाली नागरिक वा नेपाली नागरिकको बढी लगानी भएको संगठित संस्था वा फर्मलाई बढी ग्राह्यता दिइनेछ ।

(२) उप-दफा (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि प्रतिरक्षासम्बन्धी उद्योग श्री ५ को सरकार बाहेक अरू कसैलाई स्थापना वा सञ्चालन गर्न अनुमति दिइने छैन ।

स्पष्टीकरण:– यस उप-दफाको प्रयोजनको लागि प्रतिरक्षासम्बन्धी उद्योग भन्नाले सैनिक हातहतियार, खरखजाना वा विष्फोटक पदार्थ उत्पादन गर्ने उद्योग सम्झनु पर्छ ।

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

५. सिमानाको नजिक खोलिने उद्योगः– राइस मिल र एक लाख रूपैयाँभन्दा बढी स्थिर पूँजी लगानी भएको अरू कुनै उद्योग अन्तर्राष्ट्रिय सिमानाबाट आठ किलो मिटरभन्दा टाढा पर्ने गरी मात्र स्थापना गर्न पाइनेछ ।

६. इजाजत समितिको सिफारिश प्राप्त गर्नेः– (१) कसैले दफा ३ बमोजिम मझौला अथवा ठूला उद्योग स्थापना गर्न अनुमति मागेमा इजाजत समितिको सिफारिश प्राप्त गरी त्यसको आधारमा उद्योग विभागले इजाजत दिनेछ ।

तर, साना उद्योग स्थापना गर्न अनुमति मागेमा उद्योग विभागले नै त्यस्तो अनुमति दिन सक्नेछ ।

(२) दफा ३ बमोजिम अनुमति लिनु पर्ने ग्रामीण तथा घरेलु उद्योगको स्थापना गर्नको लागि श्री ५ को सरकारले तोकेको कार्यालय वा अधिकारीले अनुमति दिनेछ ।

७. इजाजत समितिको गठन र काम कर्तव्यः– (१) दफा ६ को उप-दफा (१) बमोजिम उद्योगको स्थापनासम्बन्धी सिफारिश गर्नको लागि श्री ५ को सरकारले इजाजत समिति गठन गर्नेछ ।

(२) उप-दफा (१) बमोजिमको इजाजत समितिमा रहने अध्यक्ष र सदस्यहरू श्री ५ को सरकारले नेपाल राजपत्रमा सूचना प्रकाशित गरी तोकेबमोजिम हुनेछ ।

(३) इजाजत समितिले उद्योग स्थापना गर्ने सम्बन्धमा सिफारिश गर्दा श्री ५ को सरकारबाट समय समयमा भएको औद्योगिक नीति निर्देशनको अधीनमा रही गर्नु पर्नेछ र सो समितिको अन्य काम, कर्तव्य र कार्यविधि श्री ५ को सरकारले तोकेबमोजिम हुनेछ ।

८. उद्योगहरूको वर्गीकरणः– (१) यस ऐनबमोजिम सहूलियत तथा सुविधा दिने प्रयोजनको लागि उद्योगहरूलाई देहायबमोजिम वर्गीकरण गरिएको छः–

(क) ग्रामीण तथा घरेलु उद्योग ।

(ख) आधारभूत उद्योगः– अधिकांश स्वदेशी कच्चा पदार्थमा आधारित भई विकासको लागि चाहिने आधारभूत वस्तुहरू उत्पादन गर्ने विद्युत्, फलाम र इस्पात, रासायनिक मल, पेट्रोलियम, सिमेण्ट उद्योगहरू ।

(ग) आयात प्रतिस्थापक वा निर्यातमूलक उद्योगः– अधिकांश स्वदेशी कच्चा पदार्थमा आधारित आयात प्रतिस्थापक वा निर्यातमूलक उद्योगहरू जस्तै– चिनी, चुरोट, सूती कपडा, जुत्ता, जूट, मैदा, घ्य प्रशोधन वा उत्पादन गर्ने उद्योग ।

(घ) पर्यटन उद्योगः– होटल, ट्रेकिङ वा ट्राभल एजेन्सीको व्यवसाय गर्नेसम्बन्धी उद्योग ।

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

(ङ) अधिकांश कच्चा पदार्थको लागि परिवर्त्य विदेशी मुद्रामा आधारित उद्योगः–

(१) अधिकांश तयारी माल स्वदेशमै खपत हुने जस्तै–पोलिथिन वा प्लाष्टिकका सामानहरू, मेटल फर्निचर ।

(२) अधिकांश तयारी माल निर्यात गर्ने जस्तै–सिन्थेटिक टेक्सटाइल, स्टेनलेस स्टील, बहुमूल्य वा अर्ध बहुमूल्य पत्थर कटिङ् तथा पोलिसिङ् ।

(३) जडान गर्ने (एसेम्बल) उद्योग जस्तै–घडी, ट्रान्जिष्टर, क्यामरा, साइकल, मोटर साइकल ।

(च) सेवा उद्योगः– परिवहन, निर्माण, मर्मत तथा संभार (वर्कशप), प्रकाशन तथा छापाखाना वा कोल्ड स्टोरेजसम्बन्धी उद्योग ।

(छ) मनोरञ्जन उद्योगः– चलचित्रको निर्माण, सर्कस, सांस्कृतिक नृत्य, नाटक वा सङ्गीतसम्बन्धी उद्योग ।

(ज) खानी जन्य उद्योगः– विभिन्न प्रकारका धातु, स्लेट, ग्यास, खनिज, तेल विभिन्न प्रकारका पत्थर, ढुङ्गा, माटो तथा बालुवा जस्तो वस्तु उत्खनन, सङ्कलन प्रशोधन तथा उत्पादन गर्ने उद्योग ।

(२) कुनै उद्योग उप-दफा (१) बमोजिम एकभन्दा बढी वर्गमा परेमा त्यस्तो उद्योगलाई कुन वर्गमा राख्ने भन्ने कुराको निर्णय श्री ५ को सरकारले गर्नेछ ।

६. उद्योगहरूलाई दिइने संरक्षण, सुविधा तथा सहूलियतः– (१) श्री ५ को सरकारले देहायका उद्योगहरूलाई देहायमा लेखिएबमोजिम संरक्षण, सुविधा तथा सहूलियत प्रदान गर्नेछः–

(क) ग्रामीण तथा घरेलु उद्योगलाईः– (१) त्यस्तो उद्योगको उत्पादनबाट भएको खूद आयमा पाँच वर्ष शत प्रतिशत आयकर मिह्रा दिइनेछ ।

(२) त्यस्तो उद्योगको लागि आयात गरिने मेशीनरी, पार्टपूर्जा तथा बिजुलीका सरसामान र आधारभूत तथा सहायक कच्चा पदार्थमा एक प्रतिशतको दरले मात्र भन्सार महसूल लगाइनेछ र बिक्री कर छूट हुनेछ ।

तर, पर्यटन विकासलाई सहायक हुने वस्तु उत्पादन गर्नको लागि आयात गरिने आधारभूत तथा सहायक कच्चा

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

पदार्थमा पाँच प्रतिशतको दरले भन्सार महसूल लिइनेछ ।

(३) त्यस्तो उद्योगलाई पहिलो एक वर्षको लागि मात्र शत प्रतिशत अन्तःशुल्क छूट दिइनेछ ।

(ख) आधारभूत उद्योगलाई:–

(१) त्यस्तो उद्योग मध्येः–

(क) पाँच करोडसम्म स्थिर पूँजी लगानी भएकोमा पूँजी तथा रोजगारीको अनुपातमा अनुसूची १ बमोजिम तीनदेखि दश वर्षसम्म त्यस्तो उद्योगको उत्पादनबाट भएको खूदआयमा शत प्रतिशत आयकर मिह्ला दिइनेछ ।

(ख) पाँच करोडदेखि पच्चीसकरोड रूपैयाँसम्मको स्थिर पूँजी लगानी भएकोमा दशदेखि तेह्र वर्षसम्मको लागि त्यस्तो उद्योगको उत्पादनबाट भएको खूद आयमा शत प्रतिशत आय कर मिह्ला दिइनेछ ।

(ग) पच्चीस करोडभन्दा बढी स्थिर पूँजी लगानी भएकोमा तेह्रदेखि अठार वर्षसम्म त्यस्तो उद्योगको उत्पादनबाट भएको खूद आयमा शत प्रतिशत आयकर मिह्ला दिइनेछ ।

(२) त्यस्तो उद्योगको लागि आयात गरिने मेशिनरी, पार्टपूर्जा, बिजुलीका सरसामान र आधारभूत तथा सहायक कच्चा पदार्थमा एक प्रतिशतको दरले मात्र भन्सार महसूल लिइनेछ र बिक्रीकर छूट हुनेछ ।

(३) त्यस्तो उद्योगलाई पहिलो वर्षको लागि शत प्रतिशत, दोश्रो वर्षको लागि पचहत्तर प्रतिशत र तेश्रो वर्षको लागि पचास प्रतिशत अन्तः-शुल्क छूट दिइनेछ।

(ग) आयात प्रतिस्थापक वा निर्यात मूलक उद्योगलाई:– (१) पूँजी लगानी तथा रोजगारीको अनुपातमा अनुसूची २ बमोजिम तीन वर्षदेखि दश वर्षसम्म त्यस्तो उद्योगको उत्पादनबाट भएको खूद आयमा शत प्रतिशत आयकर मिह्ला दिइनेछ ।

(२) त्यस्तो उद्योगको निमित्त आयात गरिने मेशीनरी, पार्टपूर्जा, बिजुलीका सरसामान र आधारभूत तथा सहायक कच्चा पदार्थमा एक प्रतिशत भन्सार महसूल लिइनेछ र बिक्री कर छूट हुनेछ ।

(३) त्यस्तो उद्योगलाई पहिलो वर्षको लागि शत प्रतिशत, दोश्रो वर्षको लागि पचहत्तर प्रतिशत र तेश्रो वर्षको लागि पचास प्रतिशत अन्तः-शुल्क छूट दिइनेछ ।

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

(घ) पर्यटन उद्योगलाई:– (१) यस अन्तर्गतको होटल व्यवसायलाई मात्र पूँजी लगानी तथा रोजगारीको अनुपातमा अनुसूची २ मा लेखिएबमोजिम तीन वर्षदेखि दश वर्षसम्म त्यस्तो व्यवसायबाट भएको खूद आयमा शत प्रतिशत आयकर मिह्ला दिइनेछ ।

(२) त्यस्तो व्यवसायको लागि आयात हुने मालसामानमध्ये श्री ५ को सरकारले नेपाल राजपत्रमा सूचना प्रकाशित गरी तोकेको मालसामानमा एक प्रतिशतको दरले मात्र भन्सार महसूल लिइनेछ र बिक्री कर छूट हुनेछ ।

(ङ) अधिकांश कच्चा पदार्थको लागि परिवर्त्य विदेशी मुद्रामा आधारित उद्योगलाई:– (१) (क) दफा ८ को उप-दफा (१) को खण्ड (ङ) को देहाय (१) मा उल्लिखित उद्योगलाई पूँजी लगानी तथा रोजगारीको अनुपातमा अनुसूची ३ बमोजिम दुई वर्षदेखि ६ वर्षसम्म त्यस्तो उद्योगको उत्पादनबाट भएको खूद आयमा शत प्रतिशत आयकर मिह्ला दिइनेछ ।

(ख) त्यस्तो उद्योगको लागि आयात गरिने मेशीनरी, पार्टपूर्जा, बिजुलीका सरसामानहरूमा एक प्रतिशतका दरले र आधारभूत तथा सहायक कच्चा पदार्थमा पाँच प्रतिशतका दरले भन्सार महसूल लिइनेछ र बिक्री कर छूट हुनेछ ।

(ग) त्यस्तो उद्योगहरूलाई पहिलो वर्ष पचहत्तर प्रतिशत र दोस्रो वर्ष पचास प्रतिशत मात्र अन्तःशुल्क छूट दिइनेछ ।

(२) दफा ८ को उप-दफा (१) को खण्ड (ङ) को देहाय (२) मा उल्लिखित उद्योगका लागि आयात गरिने मेशीनरी, पार्टपूर्जा र बिजुलीका सरसामानमा एक प्रतिशतका दरले आधारभूत तथा सहायक कच्चा पदार्थमा पन्ध्र प्रतिशतका दरले भन्सार महसूल लिइनेछ ।

(च) सेवा उद्योग वा मनोरञ्जन उद्योगलाई:– (१) सेवा उद्योग वर्गीकरण अन्तर्गत कोल्ड स्टोरेज र मनोरञ्जन उद्योग अन्तर्गत चलचित्र निर्माण गर्ने उद्योगलाई पूँजी लगानी तथा रोजगारीको अनुपातमा अनुसूची ३ बमोजिम दुई वर्षदेखि छ वर्षसम्म त्यस्तो उद्योगले गरेको खूद आयमा शत प्रतिशत आयकर मिह्ला दिइनेछ ।

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

(छ) खानी जन्य उद्योगलाई:–

(१) त्यस्तो उद्योग मध्ये–

(क) पच्चीस करोडसम्म स्थिर पूँजी लगानी भएकोमा पूँजी तथा रोजगारीको अनुपातमा अनुसूची २ बमोजिम तीन वर्षदेखि दश वर्षसम्म त्यस्तो उद्योगको उत्पादनबाट भएको खूद आयमा शत प्रतिशत आयकर मिह्रा दिइनेछ ।

(ख) पच्चीस करोडभन्दा बढी स्थिर पूँजी लगानी भएकोमा तेह्र-देखि अठार वर्षसम्म त्यस्तो उद्योगको उत्पादनबाट भएको खूद आयमा आयकर शत प्रतिशत मिह्रा दिइनेछ ।

(२) त्यस्तो उद्योगको निमित्त आयात गरिने मेशीनरी,पार्टपूर्जा, बिजुलीका सरसामान र सहायक कच्चा पदार्थमा एक प्रतिशत भ सा.र महसूल लिइनेछ र बिक्री कर छूट हुनेछ ।

(३) त्यस्तो उद्योगलाई पहिलो वर्षको लागि शत प्रतिशत दोस्रो वर्षको लागि पचहत्तर प्रतिशत र तेस्रो वर्षको लागि पचास प्रतिशत अन्तःशुल्क छूट दिइनेछ ।

(२) परिवहन उद्योग बाहेक सेवा उद्योग अन्तर्गत अन्य उद्योगको लागि आयात गरिने मेशीनरी, पार्टपूर्जा तथा बिजुलीका सरसामानमा एक प्रतिशतको दरले मात्र भन्सार महसूल लिइनेछ र बिक्रीकर छूट हुनेछ ।

(३) उप-दफा (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि देहायका व्यवसाय वा उद्योगको हकमा देहायबमोजिम हुनेछ:–

(क) धुलाइ, सिलाइ, बीडी, सोडा, जूटप्रेस, प्रिन्टिङ प्रेसको काम गर्नेलाई आयकर मिह्रा दिइने छैन ।

(ख) चामल, तेल, पीठो, फर्निचर, कन्फेक्सनरी, बेकरी, इटा, मिश्री, खाडसारी, जर्दा स्टेशनरीका सामान बनाउने उद्योगहरू आधुनिक किसिमको भएमा वा दफा १० अन्तर्गत 'घ' क्षेत्रमा स्थापना गरिएमा जुन वर्गीकरण अन्तर्गत यस्ता उद्योग पर्ने हो, सोही अनुसार सो उद्योगले गरेको खूद आयमा आयकर मिह्रा दिइनेछ ।

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

१०. क्षेत्रीय स्थितिको आधारमा थप आयकर सुविधा दिने:– (१) घरेलु तथा ग्रामीण उद्योग बाहेक अरू उद्योगलाई क्षेत्रीय स्थितिको आधारमा थप आयकर सुविधा दिनको लागि नेपाल अधिराज्यलाई "क," "ख", "ग" र "घ" चार क्षेत्रमा विभाजन गरिनेछ र त्यस्तो क्षेत्र अन्तर्गत पर्ने जिल्ला वा इलाका तोक्ने प्रयोजनको लागि सबभन्दा बढी विकसित इलाकालाई "क" क्षेत्रमा र सबभन्दा कम विकसित इलाकालाई "घ" क्षेत्रमा समावेश गरिनेछ ।

(२) उप-दफा (१) बमोजिमको क्षेत्र अन्तर्गत पर्ने जिल्ला वा इलाका श्री ५ को सरकारले नेपाल राजपत्रमा सूचना प्रकाशित गरी तोकिदिएबमोजिम हुनेछ ।

(३) दफा ९ अन्तर्गत दिएको आयकर छूट क्षेत्र "क" मा पर्ने उद्योगलाई दिएको मानी क्षेत्र अनुसार त्यसमा चार वर्षसम्म थप आयकर छूट दिइनेछ ।

(४) उप-दफा (३) बमोजिम आयकर छूट पाउने अवधि र त्यसको दरसम्बन्धी कुरा तोकिएबमोजिम हुनेछ ।

११. आधुनिकरण वा विस्तार गर्ने उद्योगलाई दिइने सहूलियत:– (१) आधुनिकरण गरी वा विस्तार गरी स्वीकृत क्षमता (रेटेड् क्यापासिटी) मा कम्तिमा पच्चीस प्रतिशत क्षमता बृद्धि गर्ने उद्योगलाई अनुसूची ४ बमोजिम आयकर छूट दिइनेछ ।

(२) उप-दफा (१) अनुसार आधुनिकरण वा विस्तार गर्न चाहने उद्योगलाई मेशीनरी र पार्टपूर्जामा ह्रास कट्टा गर्न बाँकी रहेको भए बाँकी रहेको अवधिको एकै पल्ट ह्रास कट्टा गर्न दिइनेछ ।

तर, यसरी ह्रास कट्टा गर्ने सहूलियत पाएको कुनै उद्योगले निर्धारित अवधिभित्र आधुनिकरण (वा विस्तार) नगरेमा सो उद्योगको एक वर्षको ह्रास मूल्य छोडी हुन आउने मुनाफाको फरक रकममा पन्ध्र प्रतिशत जरिवाना सहित आयकर असूल उपर गरिनेछ ।

उदाहरण:– कुनै उद्योगको ह्रास कट्टा गर्न बाँकी रू. ४०,०००।– रहेकोमा वर्ष एकको रू. १०,०००।– को दरले ४ वर्षसम्म ह्रास कट्टा गर्न पाउनेमा आधुनिकरण गरे बापत एकै वर्षमा रू. ४०,०००।– कट्टा गर्न सहूलियत दिएकोमा आधुनिकरण गर्न तोकेको अवधिमा आधुनिकरण नगरेमा एकै वर्षमा ह्रास कट्टा गर्दा आयकर तिर्न नपरेको रू. ३०,०००।– को फरक रकममा १५% को दरले हुने जरिवाना र पहिलेको आयमा रू. ३०,०००।– समेत जोड्दा हुन आउने कूल आयमा समेत आयकर तिर्नु पर्नेछ ।

(३) उप-दफा (१) र (२) मा जुनसुकै कुरा लेखिएको भए तापनि साविकमा रहेको मजदूर वा कामदारको संख्या कटौती गरी गरेको आधुनिकरण वा विस्तारको हकमा भने यस दफाबमोजिमको आयकर सहूलियत दिइने छैन ।

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

१२. पुनर्लगानीको सम्बन्धमा दिइने सुविधाः– कुनै उद्योगले आपनो उत्पादनबाट गरेको आय-बाट यस ऐनबमोजिम आयकर छूट सुविधा पाउने वर्गीकरण अन्तर्गतको कुनै उद्योगको सहायक उद्योग खोलेमा वा त्यस्तो आयकर सुविधा पाउने वर्गको कुनै उद्योगको शेयर खरीद गरेमा त्यस्तो लगानीको रकममा शत प्रतिशत आयकर छूट दिइनेछ ।

१३. विदेशी विनिमयसम्बन्धी व्यवस्थाः– (१) यस ऐनबमोजिम अनुमति लिई वा नलिई स्थापना भएका उद्योगहरूलाई देहायको प्राथमिकताको क्रम अनुसार श्री ५ को सरकारले तोकेबमोजिम परिवर्त्य विदेशी मुद्रा उपलब्ध गराई दिनेछः–

(क) ग्रामीण तथा घरेलु उद्योग,
(ख) आधारभूत उद्योग,
(ग) जनसाधारणले उपभोग गर्ने वस्तु उत्पादन गर्ने उद्योग,
(घ) होटल उद्योग,
(ङ) स्वदेशी कच्चा पदार्थमा आधारित उद्योग,
(च) प्रकाशन तथा छापाखाना,
(छ) चलचित्र निर्माण गर्नेसम्बन्धी उद्योग,
(ज) विदेशी कच्चा पदार्थमा आधारित उद्योग ।

(२) कुनै उद्योगमा परिवर्त्य विदेशी मुद्रा लगानी गरेको भए सो लगानी भएको रकमको १० प्रतिशतसम्म र त्यस्तो उद्योगले उत्पादनबाट गरेको खूद आयको पच्चीस प्रतिशतसम्म प्रत्येक वर्ष विदेशमा लैजान छूट दिइनेछ र त्यसको लागि आवश्यक परिवर्त्य विदेशी मुद्रा श्री ५ को सरकारले उपलब्ध गराई दिनेछ ।

(३) विदेशी प्राविधिज्ञहरूको पारिश्रमिकको लागि विदेशी विनिमय व्ययभार पर्ने भएमा सो व्ययभार बहन गर्न आवश्यक विदेशी मुद्रा श्री ५ को सरकारले उपलब्ध गराई दिनेछ ।

तर, सो पारिश्रमिक सम्बन्धमा कुनै विदेशीसंग गरिएको सम्झौता श्री ५ को सरकार-को पूर्व स्वीकृति लिई गरेको हुनु पर्छ ।

(४) उप-दफा (१) मा तोकिएको उद्योगहरूले प्रत्येक वर्ष पाउने विदेशी मुद्राको परिमाण, त्यस्तो विदेशी मुद्राकोलागि सिफारिश गर्ने विभाग वा कार्यालय र सो उपलब्ध गर्न अपनाउनु पर्ने कार्यविधि तोकिएबमोजिम हुनेछ ।

१४. प्राप्त भइसकेको सुविधा उपभोग गर्ने बारेः– (१) कुनै उद्योगले यो ऐन प्रारम्भ हुनु अघि प्रचलित नेपाल काननबमोजिम प्राप्त गरेको सुविधा वा सहूलियत साविकबमोजिम नै उपभोग गरी रहनेछ ।

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

(२) यो ऐन प्रारम्भ हुनु अघि अनुमति प्राप्त गरी यो ऐन प्रारम्भ हुँदाको बखत कुनै पनि सुविधा वा सहूलियत उपभोग गर्न नपाएको भए यसै ऐनबमोजिमको सहूलियत वा सुविधा उपभोग गर्न पाउनेछ।

१५. उद्योगको आधुनिकरण गर्न स्वीकृति लिनु पर्ने:- राइस मिल तथा अन्य कुनै पनि उद्योगहरूको आधुनिकरण गर्न परेमा उद्योग विभागको स्वीकृति लिनु पर्नेछ।

तर, अन्तर्राष्ट्रिय सिमानाबाट आठ किलोमिटरभित्र रहेका राइस मिल तथा अन्य उद्योगहरूको हकमा साविक क्षमताको बृद्धि नहुने भएमा मात्र आधुनिकरण गर्न स्वीकृति दिइनेछ।

१६. श्री ५ को सरकारले निर्देशन दिन सक्ने:- श्री ५ को सरकारले देहायको विषयमा कुनै उद्योगलाई निर्देशन दिन सक्नेछ र त्यस्तो निर्देशन पालन गर्नु सम्बन्धित उद्योगपतिको कर्तव्य हुनेछ:-

(क) उद्योगको उत्पादन वा सेवासम्बन्धी विषय,

(ख) उद्योगबाट उत्पादन हुने चिजको मूल्य, स्तर, गुण, वितरणसम्बन्धी विषय।

१७. उद्योग बन्द गराउने, आफैले सञ्चालन गर्ने वा जरिवाना गर्न सक्ने श्री ५ को सरकारको अधिकार:- (१) यस ऐनबमोजिम अनुमति लिनु पर्नेमा अनुमति नलिई कसैले कुनै उद्योग स्थापना गरेमा वा दफा १६ बमोजिमको निर्देशन पालन नगरेमा वा यस ऐनको अरू कुनै कुरा उल्लङ्घन गरेमा त्यस्तो उद्योगलाई श्री ५ को सरकारले बन्द गराउन वा आफ्नो प्रतिनिधि खटाई निजको रेखदेखमा सञ्चालन गराउन वा पांचसय रूपैयाँदेखि तीन हजार रूपैयाँसम्म जरिवाना गर्न सक्नेछ।

(२) उप-दफा (१) मा लेखिएदेखि बाहेक देहायका कुनै अवस्थामा श्री ५ को सरकारले कुनै उद्योगलाई बन्द गराउन वा आफ्नो रेखदेखमा सञ्चालन गराउन सक्नेछ।

तर, जुन कारणले उद्योगलाई बन्द गराउनु वा आफ्नो रेखदेखमा सञ्चालन गर्नु पर्ने हो सो गर्नु अघि सो विषयमा सम्बन्धित उद्योगलाई सुधार गर्न मुनासिब माफिकको मौका दिनु पर्छ।

(क) उत्पादन गर्ने तरीका एकदम पुरानो भएमा,

(ख) श्रम उत्पादकत्व धेरै कम भएमा,

(ग) समानस्तरको उद्योगहरू सित प्रतिस्पर्धा गर्न नसकेमा,

(घ) धेरै लामो अवधिसम्म उत्पादन गर्न नसकेमा।

१८. मध्यस्थता:- (१) कुनै उद्योग र श्री ५ को सरकारको बीचमा कुनै विषयमा मतभेद भएमा त्यस सम्बन्धमा निम्नबमोजिम मध्यस्थता गराइनेछ।

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

(२) उप-दफा (१) को प्रयोजनको लागि देहायका तीनजना मध्यस्थहरू रहनेछन्:–

(क) सर्वोच्च अदालतका एकजना न्यायाधीश,

(ख) श्री ५ को सरकारद्वारा मनोनीत एकजना मध्यस्थ,

(ग) सम्बन्धित उद्योगद्वारा मनोनीत कुनै एकजना मध्यस्थ।

(३) यस दफाबमोजिम मध्यस्थहरूलाई सुम्पिएको कुनै विषयमा कुनै अड्डा वा अदालतमा नालिश वा उजूर लाग्ने छैन। त्यस्तो विषयमा मध्यस्थहरूले गरेको निर्णय यस दफामा लेखिएको अन्य कुराहरूका अधीनमा रही सम्बन्धित पक्षहरूलाई मात्र कर लाग्नेछ।

(४) मध्यस्थहरूले आफ्नो काम कारवाईको सिलसिलामा सबूत प्रमाण बुझने पक्ष वा साक्षीहरूलाई उपस्थित गराउने र लिखत दाखिल गराउने सम्बन्धमा प्रचलित नेपाल कानूनबमोजिम जिल्ला अदालतलाई भए सरहको अधिकारको प्रयोग गर्न सक्नेछन्।

(५) कुनै मध्यस्थको मृत्यु भएमा वा निजले आफ्नो काम गर्न असमर्थता वा लापरवाही देखाएमा सो मध्यस्थ मनोनीत गर्ने पक्षले निजको सट्टा अर्को मध्यस्थ मनोनीत गर्न सक्नेछ। सोबमोजिम अर्को मध्यस्थ मनोनीत गर्नु पर्ने पक्षले मध्यस्थको मनोनयन नगरेमा अर्को पक्षले पन्ध्र दिनको म्याद दिई मध्यस्थको मनोनयनको लागि लिखित सूचना दिन सक्नेछ। सो म्यादभित्र सम्बन्धित पक्षले मध्यस्थको मनोनयन नगरेमा वा सोबमोजिम मनोनीत मध्यस्थले पनि आफ्नो काम गर्न असमर्थता वा लापरवाही देखाएमा बाँकी दुई जनाले नै मध्यस्थताको काम कारवाई गर्ने र मध्यस्थतासम्बन्धी विषयमा निर्णय दिन सक्नेछ।

(६) मध्यस्थहरूको राय आपसमा बाझिएमा बहुमतको निर्णय मान्य हुनेछ र बहुमत हुन नसकेमा सर्वोच्च अदालतले समर्थन गरेको रायबमोजिम हुनेछ।

(७) यस दफाबमोजिम मध्यस्थहरूद्वारा भएको निर्णय अन्तिम हुनेछ र सर्वोच्च अदालतकोनिर्णय सरह कार्यान्वित गरिनेछ। त्यस सम्बन्धमा कुनै अड्डा वा अदालतमा नालिश उजूर वा पुनरावेदन लाग्ने छैन।

(८) यस दफामा लेखिएदेखि बाहेक मध्यस्थतासम्बन्धी अन्य कार्यविधि तोकिएबमोजिम हुनेछ।

१९. नियम बनाउने अधिकार:– यो ऐनको उद्देश्य कार्यान्वित गर्न श्री ५ को सरकारले नियम बनाउन सक्नेछ।

२०. अधिकार प्रत्यायोजन:– श्री ५ को सरकारले यो ऐन वा यस ऐन अन्तर्गत बनेको नियमबमोजिम आफूलाई वा उद्योग विभागलाई प्राप्त अधिकार कुनै विभाग, कार्यालय वा अधिकारीलाई प्रत्यायोजन गर्न सक्नेछ।

२१. खारेजी:– औद्योगिक व्यवसाय ऐन, २०१८ खारेज गरिएको छ।

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

# अनुसूची–१

(दफा ६ (१) (ख) संग सम्बन्धित)

| स्थिर पूँजी लगानी | आयकर छूट पाउने अवधि | | |
|---|---|---|---|
| | न्यूनतम छूटको अवधि | रोजगारीको आधारमा पाउने थप छूटको अवधि | अधिकतम छूट पाउने अवधि |
| १. रू. २ लाखभन्दा बढी रू. १० लाखसम्म । | ३ वर्ष | पहिलो पन्ध्र जना नेपाली कामदारमा थप प्रत्येक पन्ध्र जना नेपालीलाई रोजगारी दिए बापत एक वर्षको दरले तीन वर्षसम्मको लागि थप छूट दिने । | ६ वर्ष |
| २. रू. १० लाखभन्दा बढी रू. २५ लाखसम्म । | ४ वर्ष | पहिलो तीस जना नेपाली कामदारमा थप प्रत्येक तीस जना नेपालीलाई रोजगारी दिए बापत एक वर्षको दरले तीन वर्षसम्मको लागि थप छूट दिने । | ७ वर्ष |
| ३. रू. २५ लाखभन्दा बढी रू. १ करोडसम्म । | ५ वर्ष | पहिलो साठी जना नेपाली कामदारमा थप प्रत्येक साठी जना नेपालीलाई रोजगारी दिए बापत एक वर्षको दरले तीन वर्षसम्मको लागि थप छूट दिने । | ८ वर्ष |
| ४. रू. १ करोडभन्दा बढी रू. ४ करोडसम्म | ६ वर्ष | पहिलो एकसय जना नेपाली कामदारमा थप प्रत्येक एकसय जना नेपालीलाई रोजगारी दिए बापत एक वर्षको दरले तीन वर्षसम्मको लागि थप छूट दिने । | ९ वर्ष |
| ५. रू.४ करोडभन्दा बढी रू. ५ करोडसम्म | ७ वर्ष | पहिलो एकसय पचास जना नेपाली कामदारमा थप प्रत्येक एकसय पचास जना नेपालीलाई रोजगारी दिए बापत एक वर्षको दरले तीन वर्षसम्मको लागि थप छूट दिने । | १० वर्ष |

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

226

## अनुसूची–२

(दफा ६(१) (ग), (घ) र (ङ) संग सम्बन्धित)

| स्थिर पूँजी लगानी | आयकर छूट पाउने अवधि | | |
|---|---|---|---|
| | न्यूनतम छूटको अवधि | रोजगारीको आधारमा पाउने थप छूटको अवधि | अधिकतम छूट पाउने अवधि |
| १. रू. २ लाखभन्दा बढी रू. १० लाखसम्म । | ३ वर्ष | पहिलो पन्ध्र जना नेपाली कामदारमा थप प्रत्येक पन्ध्र जना नेपालीलाई रोजगारी दिए बापत एक वर्षको दरले तीन वर्षसम्मको लागि थप छूट दिने । | ६ वर्ष |
| २. रू. १० लाखभन्दा बढी रू. २५ लाखसम्म । | ४ वर्ष | पहिलो तीस जना नेपाली कामदारमा थप प्रत्येक तीस जना नेपालीलाई रोजगारी दिए बापत एक वर्षको दरले तीन वर्षसम्मको लागि थप छूट दिने । | ७ वर्ष |
| ३. रू. २५ लाखभन्दा बढी रू.१ करोडसम्म । | ५ वर्ष | पहिलो साठी जना नेपाली कामदारमा थप प्रत्येक साठी जना नेपालीलाई रोजगारी दिए बापत एक वर्षको दरले तीन वर्षसम्मको लागि थप छूट दिने । | ८ वर्ष |
| ४. रू. १ करोडभन्दा बढी रू. ४ करोडसम्म । | ६ वर्ष | पहिलो एक सय जना नेपाली कामदारमा थप प्रत्येक एकसय जना नेपालीलाई रोजगारी दिए बापत एक वर्षको दरले तीन वर्षसम्मको लागि थप छूट दिने । | ९ वर्ष |
| ५. रू. ४ करोडभन्दा बढी जतिसुकै भए पनि । | ७ वर्ष | पहिलो एकसय पचास जना नेपाली कामदारमा थप प्रत्येक एकसय पचास जना नेपालीलाई रोजगारी दिए बापत एक वर्षको दरले तीन वर्षसम्मको लागि थप छूट दिने । | १० वर्ष |

मुद्रण विभाग, सिंहदरबार

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

५८

## अनुसूची–३

(दफा ६ (१) (ङ) र (च) संग सम्बन्धित)

| स्थिर पूँजी लगानी | आयकर छूट पाउने अवधि | | |
|---|---|---|---|
| | न्यूनतम छूटको अवधि | रोजगारीको आधारमा पाउने थप छूटको अवधि | अधिकतम छूट पाउने अवधि |
| १. रू. २ लाखभन्दा बढी रू. १० लाखसम्म । | २ वर्ष | पहिलो पन्ध्र जना नेपाली कामदारमा थप प्रत्येक पन्ध्र जना नेपालीलाई रोजगारी दिए बापत एक वर्षको दरले दुई वर्षसम्मको लागि थप छूट दिने । | ४ वर्ष |
| २. रू. १० लाखभन्दा बढी रू. २५ लाखसम्म । | ३ वर्ष | पहिलो तीस जना नेपाली कामदारमा थप प्रत्येक तीस जना नेपालीलाई रोजगारी दिए बापत एक वर्षको दरले दुई वर्षसम्मको लागि थप छूट दिने । | ५ वर्ष |
| ३. रू. २५ लाखभन्दा बढी रू. जतिसुकै लगानी गरेमा । | ४ वर्ष | पहिलो पचहत्तर जना नेपाली कामदारमा थप पचहत्तर जना नेपालीलाई रोजगारी दिए बापत एक वर्षको दरले २ वर्षसम्मको लागि थप छूट दिने । | ६ वर्ष |

मुद्रण विभाग

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

225

## अनुसूची–४

(दफा ११ सित सम्बन्धित)

| क्षमता वृद्धि | आयकर छूट पाउने वर्ष | खूद आयमा पाउने छूट | |
|---|---|---|---|
| | | आफ्नो स्रोतमा | ऋण स्रोतमा |
| २५ प्रतिशत | १ | ५० प्रतिशत | २५ प्रतिशत |
| ५० प्रतिशत | २ | " | " |
| ७५ प्रतिशत | ३ | " | " |
| १०० प्रतिशत | ४ | " | " |

लालमोहर सदर मिति– २०३०।१२।११।१

आज्ञाले–
चूडामणिराज सिंह मल्ल
श्री ५ को सरकारको सचिव

श्री ५ को सरकारको छापाखानामा मुद्रित ।

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

मुद्रण विभाग, सिंहदरबार

५६०